# कीर्तिपुर नगरपालिका कार्यालयको
## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७३/१०/२१)

यस नगरपालिकाको चालू आ.व. ०७३/०७४ को सडक बोर्ड कार्यक्रम अन्तर्गत निम्नानुसारका योजनाहरु सिलवन्दी बोलपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवशाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।
२) सिलबन्दी बोलपत्र तल उल्लेख गरिएको तालिका अनुसारको मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
५) सिलबन्दी बोलपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको यस नगरपालिका कार्यालयको धरौटी खाता नं. १२०४७०३-००१-०३०-५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।
६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ । टिपेक्स लगाएको बोलपत्रलाई मान्यता दिइने छैन ।
७) प्रस्तावित कार्यको निमित्त आवश्यक अनुभव, जनशक्तिको आवश्यक कार्यदक्षता तथा योग्यता, प्राविधिक मालसामान तथा उपकरणहरुको विवरण, आर्थिक दक्षताको विवरण विमा सम्वन्धी ब्यवस्था एवं मालसामान आपूर्ति तालिका वा निर्माण कार्य तालिका बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।
८) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ ।
९) यस बोलपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।
१०) बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।
११) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि. नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र पेश गर्ने मिति, समय र स्थान | खोल्ने मिति, समय र स्थान | बोलपत्र खरीद मूल्य |
|---|---|---|---|---|---|---|
| १. | कीर्तिपुर चक्रपथ -दुरसंचार - खासीवजार - समल सडक मर्मत सुधार | **११,२२,८८७.५५** | प्रथम पटक प्रकाशित मितिले ३० औं दिन भित्र । की.न.पा. कार्यालय ( कार्यालय समय भित्र) | ३१ औं दिन, दिनको १२:०० बजेसम्म कीर्तिपुर नगरपालिका कार्यालय | ३१ औं दिन, दिनको ५:०० बजे, कीनपा कार्यालय | १०००।- |
| २. | हिमाल सिमेन्ट - माथिल्लो गुठ सडक मर्मत सुधार | **१२,९५,२६६.२०** | " | " | " | १०००।- |
| ३. | कीर्तिपुर, पाँगा, लनगोल, चारघरे, चोभार क्षेत्रमा ढुंङ्गा छपाई मर्मत | **१२,९५,५८५.७०** | " | " | " | १०००।- |
| ४. | पांगा देवाटो - भाजंगल चिहान - बैष्णवि स्कूल सडक मर्मत सुधार | **१४,६७,८९६.२३** | " | " | " | १०००।- |
| ५. | कीर्तिपुर जग्गा एकीकरण ( प्रथम) क्षेत्रको सडक मर्मत सुधार | **८,६३,६५६.६५** | " | " | " | १०००।- |
| ६. | ट्यांगला संगमचोक - अजिमाख्यो सडक मर्मत सुधार | **१०,७९,५७०.८१** | " | " | " | १०००।- |